


## बाइबल: परमेश्वरको अनन्त वचन

बाइबल जीवनका सबै संकटलाई सफलतापूर्वक सामना गर्ने पुस्तक हो। यो कहिल्यै पुरानो हुँदैन, न यसको आवश्यकता कहिल्यै घट्छ। कुनै पनि पुस्तकालयमा सबैभन्दा नयाँ पुस्तकजस्तै, बाइबल सधैं ताजा, जीवित र पर्याप्त हुन्छ। बाइबलले हल गर्न नसक्ने समस्या छैन; कम गराउन नसक्ने भार छैन; शान्त पार्न नसक्ने पीडा छैन। ख्रीष्टिय विश्वासमाथि आउने कुनै शङ्का छैन जसलाई बाइबलले हटाउन नसकोस्। थकाइ हटाउन, दुःखमा सान्त्वना दिन र पाप शुद्ध गर्न—बाइबल सधैं सक्षम हुन्छ। मर्न लागेकाहरूका लागि यो सबैभन्दा नरम तकिया हो, र जीवितहरूका लागि सबैभन्दा शक्तिशाली प्रेरणा। बाइबल दुर्बललाई शक्ति दिन्छ, बलियालाई अझ बलियो बनाउँछ, र निराशलाई नयाँ आशा दिन्छ। यसका कुनै वाचा कहिल्यै असफल हुँदैनन्। यसको उज्यालो कहिल्यै निभिँदैन। अनन्त जीवनका बारेमा यसले दिने आश्वासनहरू स्पष्ट पनि छन् र पूर्णतः भरोसायोग्य पनि। — डा. रोबर्ट जि. ली

## यो बुलेटिनको उद्देश्य

विश्वासीले आत्मिक रूपमा बढ्नको लागि परमेश्वरको वचनको पोषिलो आहारले दिनहुँ जिउनुपर्छ (१ पत्रुस २:२)। उसले खाँटी ख्रीष्टियन पठन–सामग्री पढ्ने बानी पनि बसाल्नुपर्छ। तर गलत वा केवल मानवीय शिक्षाले हानी पुऱ्याउँछ भन्ने बुझेर, प्रयोग गर्नुअघि सामग्रीलाई जाँच्न आवश्यक छ (१ थेस्स. ५:२१)। यस बुलेटिनको मुख्य उद्देश्य—विश्वासीलाई शिक्षा र चेतावनीद्वारा उन्नति गराउनु, र सत्य खोजिरहेकाहरूलाई सुसमाचारद्वारा भेट्नु हो। यसले केवल परमेश्वरको महिमा गर्नुपर्छ। उहाँको आशिषबिना सबै परिश्रम व्यर्थ हुन्छन्; त्यसैले यो कार्यको लागि माथिबाट आउने बुद्धि र सामर्थ्यको निम्ति प्रार्थना गरिदिनुहोला। - प्रभुको सेवक

## स्वर्गमुखी रोमी-मार्ग

**असल को छ?**

**रोमी** ३:१० — "धर्मी कोही छैन, एउटै पनि छैन।"

**पाप गर्ने को हुन्?**

**रोमी** ३:२३ — "सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित भएका छन्।"

**पाप कहाँबाट आयो?**

**रोमी** ५:१२ — "एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो; अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो, किनकि सबैले पाप गरेका छन्।"

**परमेश्वरले तोक्नुभएको पापको मूल्य**

**रोमी** ६:२३ — "पापको ज्याला मृत्यु हो, तर परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो।"

**हाम्रो उम्कने बाटो**

**रोमी** ५:८ — "परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ, हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।"

**रोमी** १०:९–११ — यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गऱ्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। किनकि पवित्रशास्त्रले भन्दछ: 'उहाँमाथि विश्वास गर्ने हरेक शर्ममा पर्नेछैन।'

**रोमी** १०:१३ — "किनकि प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ।"

येशू ख्रीष्टमाथि अहिले नै भरोसा गर्नुहोस्। तपाईंको शिर झुकाएर प्रार्थना गर्नुहोस् — तपाईंको पाप क्षमा गर्न र आत्मा बचाउन प्रभु येशूलाई भन्नुहोस्।

म परमेश्वरबाट हराएको र टाढा रहेको एक पापी हुँ भन्ने कुराको महसुस गर्दै, म यो विश्वास गर्दछु कि येशू ख्रीष्ट पापीहरूका लागि मर्नुभयो, यसैले उहाँ मेरो मुक्तिदाता बन्नका लागि उहाँ मेरो लागि मर्नुभयो र बौरेर उठ्नुभयो। यसैले म विश्वासैद्वारा उहाँलाई मेरो मुक्तिदाता र बौरिउठ्नुभएको मेरो प्रभु हुनका लागि उहाँलाई मेरो हृदयमा अहिले नै ग्रहण गर्दछु। यसो गरेर म वास्तवमै विश्वास गर्दछु कि उहाँले मलाई बचाउनुभएको छ र म अब परमेश्वरको सन्तान हुँ।

नाम ________________________

मिति ________________________

सम्पर्क: नारायणगढ चर्च, लायन्स चोक, भरतपुर - १, चितवन, नेपाल ✦ 9855071310



# प्रेममा साँचो बोल्दै

"प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा ख्रीष्टसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५

## परमेश्वरले मानिस खोज्नुहुन्छ

*"अनि मैले तिनीहरूको बीचमा एउटा यस्तो मानिसलाई खोजें..." – इजकिएल २२:३०*

यस्तो **मानिस**...
जो आफ्नो जीवनको लागि परमेश्वरको सर्वोत्तम चाहन्छ—नाम, दाम, पदवी होइन;
यस्तो **मानिस . . .**
जसलाई घरका र बाहिरकाहरूले समेत उसको नमुनाको कारण ऊ एक साँचो ख्रीष्टियन हो भनेर चिन्छन्, नाममा मात्र होइन;
यस्तो **मानिस** . . .
जो घूँडा टेकेर प्रार्थना गरेको अरूले देख्लान् कि भनेर लाज मान्दैन;
यस्तो **मानिस** . . .
जो मण्डली परिवारसित एक ठाउँमा भेला हुन सधैं विश्वासयोग्य रहन्छ;
चर्च-भवन खुल्ला हुँदा, ऊ त्यहाँ निश्चय भेटिन्छ;
यस्तो **मानिस** . . .
जसले आफ्नो पूरै परिवारले ख्रीष्टलाई चिनोस् र उहाँलाई पछ्याओस् भन्ने कुराको वास्ता गर्छ;
यस्तो **मानिस**. . .
जो स्वर्गका पिताका सामु ग्रहणयोग्य छ;
परमेश्वर यस्तो मानिस खोज्नुहुन्छ—के तपाईं त्यो मानिस हुनुहुन्छ?

## पूर्ण समर्पणता

"मलाई भन्नुहोस् न," एक महिलाले पास्टरलाई भनिन्, "'पूरै सुम्पनुपर्छ' भन्नुको तपाईंको तात्पर्य खास के हो?"

जवाफमा पास्टरले कागजको एउटा खाली पाना उनको हातमा थमाउँदै भने, "पूरै सुम्पनुको अर्थ—यस खाली पानामा तपाईंले केवल आफ्नो हस्ताक्षर गर्नुपर्छ, र बाँकी सबै कुरा परमेश्वरलाई भर्न दिनुपर्छ।"

## पढ्दा सावधान

गोदाममा राखिएका पुस्तकहरूमा मुसाहरूको हमला हुने अत्यन्तै सम्भावना हुन्छ, किनकि मुसाहरू पुस्तकको बाँधाइमा प्रयोग गरिएको माडका लागि पुस्तकको आवरण कटकटाउँछन्। कतिपय अत्यन्त रङ्गीन आवरणहरूमा प्रयोग गरिने विषालु रङका कारण ती आवरणहरू चम्किला देखिन्छन्, तर ती मुसाका लागि भने घातक सावित हुन्छन्। अशुद्ध साहित्यबाट हुने क्षति यति मात्र भए त हुन्थ्यो। तर जनतामाझ उपलब्ध गराइने धेरै पुस्तक, पत्रिका र सामाजिक सञ्जालमा यस्तो विष हुन्छ, जसले पाठकको आत्मिक स्वास्थ्यमा—यहाँसम्म कि जीवनमा पनि—खतरा निम्त्याउँछ। डिजिटल वा छापिएको पानामा लुकेको विषबाट सावधान रहनुहोस्!

**"हे प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्..." लूका ११:१**

प्रार्थना परमेश्वरको असीमित अनुग्रह
र सामर्थ्यको भण्डार खोल्ने चाबी हो।
परमेश्वर जे-जति हुनुहुन्छ र उहाँसित
जे-जति छ, ती सबै प्रार्थनाद्वारा प्राप्य छन्।
हामीले गर्नुपर्ने मात्र एक काम—
त्यो चाबी प्रयोग गर्नु हो। — आर. ए. टोरी



## जिउँदो चोर

"तपाईं कुनै बाइबलीय मण्डलीमा आवद्ध हुनुहुन्छ कि?" पास्टरले सोधे। उतिबेलै उत्तर आयो, "अहँ दाजु, मर्न लागेको चोर त मण्डलीमा आवद्ध थिएन, तर ऊ त सिधै स्वर्ग गयो, है!" "ठीक छ," पास्टरले फेरि सोधे, "प्रभु–भोज लिनुभएको छ?" "अहँ, मर्न लागेको चोरले त त्यो पनि खाएन, तर ऊ स्वर्ग गयो नि!" "अनि दशांश?" "अहँ, त्यो चोरले त एक पैसा पनि दिएन, तर ऊ स्वर्ग गयो।" "प्रभुको काममा केही सहभागी हुनुभएको छ?" "कसरी गर्ने त? मर्न लागेको चोरले त त्यो पनि गरेन, तर ऊ स्वर्ग गयो!" अब पास्टरले हात जोडेर, अलि मुस्कुराउँदै भने, "मित्र, सुन्नुस न—ऊ मर्न लागेको चोर थियो; तपाईंचाहिँ जिउँदो चोरजस्तै देखिनुभयो त!"

# विश्व-इतिहासमा परमेश्वरको हात

## परमेश्वर र शैतानबीचको द्वन्द्व

***यस पहिलो अंकबाट सुरु गर्दै यस बुलेटिनका आगामी केही अंकहरूमा एउटा अध्ययन-शृङ्खला प्रस्तुत गरिँदैछ। यो सामग्री रेनल्ड शावर्सको "What On Earth Is God Doing?" शीर्षक अङ्ग्रेजी पुस्तकको नेपाली रूपान्तरण हो। यसको उद्देश्य–परमेश्वरको दृष्टिकोणबाट विश्व-इतिहास बुझ्न पाठकलाई सहायता प्रदान गर्नु हो।***

### परिचय

कति मानिसहरू आज शैतान-पूजा, बोक्सेरो-विद्या, भूत-प्रेत, टुनामुना, जोखाना र ज्योतिष-विद्याजस्ता गोप्य शक्तिहरूबाट सहायता खोजिरहेका छन्। तर बाइबलमा परमेश्वरले यस्ता कुराको पछि लाग्न कडाइका साथ निषेध गर्नुभएको छ (व्यवस्था १८:१०-११)। वास्तवमा, यी अन्धकारका कामहरू परमेश्वर र शैतानबीच युगौंदेखि चल्दै आएको युद्धको एउटा पाटो मात्र हुन्। यो युद्धबारे अनजान रहँदा जीवनको रहस्य बुझ्न सकिँदैन। यस संघर्षलाई बुझ्ने सबैभन्दा उचित मार्ग– बाइबलले प्रस्तुत गरेको इतिहास-दर्शनको अध्ययन गर्नु हो।

शताब्दीयौंदेखि मानिसले तीन आधारभूत प्रश्नसँग जुधिरहनु परेको छ:

- हामी कहाँबाट आयौं?
- हामी किन यहाँ छौं?
- हामी कहाँ जाँदैछौं?

यी प्रश्नका उत्तर खोज्नका लागि धेरै प्रयत्नहरू भएका छन्, र ती प्रत्येकलाई एउटा जीवन–दर्शन वा इतिहास–दर्शन मान्न सकिन्छ। बाइबलले पनि यी तीन प्रश्नको उत्तर दिएको छ; त्यसैले इतिहासको बाइबलीय दर्शन बुझ्न हामीसित ठोस ईश्वरीय प्रकाशको आधार छ।

अनादिदेखि अनन्तसम्म फैलिएको इतिहासको बाइबलीय दृष्टिकोणलाई बुझ्न खोज्नु नै यस अध्ययनको उद्देश्य हो। तर यो प्रयास सुरु गर्नुअघि पाठकलाई केही कुराहरू प्रस्ट पार्नु आवश्यक हुन्छ। पहिलो, बाइबल तथा गैर-बाइबलीय लेखोटहरूमा उल्लिखित सबै इतिहासका घटनालाई यस अध्ययनमा समेटिनेछैन। बरु ऐतिहासिक घटनाहरूको एउटा विस्तृत रूपरेखा प्रस्तुत गर्दै इतिहासमा परमेश्वरको उद्देश्य कसरी प्रकट हुन्छ भन्ने देखाउनु यस अध्ययनको मुख्य लक्ष्य हुनेछ।

दोस्रो, पाठकले यस अध्ययनमा "परमेश्वरले यसो गर्नुभयो" वा "शैतानले उसो गऱ्यो" भन्ने अभिव्यक्ति देख्नुहुनेछ। तर यसको अर्थ प्रत्येक घटनामा परमेश्वर स्वयंले प्रत्यक्ष रूपमा त्यही कार्य गर्नुभयो वा शैतान स्वयंले प्रत्यक्ष हस्तक्षेप गऱ्यो भन्ने होइन। यद्यपि कतिपय अवस्थामा दुवै तर्फबाट प्रत्यक्ष रूपमा इतिहासमा हस्तक्षेप भएको देखिन्छ, तर प्रायः दुवैका उद्देश्यहरू भने बीचका कुनै मध्यवर्ती प्रतिनिधि वा माध्यममार्फत कार्यान्वयन गराइन्छन्। दुवैले आफ्ना उद्देश्य पूरा गर्न, मानिसहरू, राष्ट्रहरू र स्वर्गदूतहरूको गतिविधिलाई उत्प्रेरित र प्रयोग गर्ने गरेको पाइन्छ।

तेस्रो, बाइबलले पहिलो शताब्दी ए.डी. (AD) सम्मका केही चयन गरिएका ऐतिहासिक घटनाहरूको मात्र वर्णन गर्दछ। बाइबलले भविष्यमा हुने घटनाहरूको बारेमा पनि अग्रिम रूपमा अगमवाणी गरेको छ। तर पहिलो शताब्दीको अन्त्यदेखि आजसम्मका घटना-हरूका विशेष विवरण भने बाइबलले समेट्दैन। यद्यपि, बाइबलले प्रस्तुत गरेको इतिहास-दर्शनले वर्तमान युगका घटनाहरू बुझ्न र विश्लेषण गर्न आवश्यक आधारशिला प्रदान गरेको छ। यही कारणले यस अध्ययनमा पहिलो शताब्दीको अन्त्यदेखि वर्तमान-सम्मका केही चयनित घटनाहरूलाई पनि समेटिनेछ।

## अध्याय १

### द्वन्द्वको पृष्ठभूमि

#### अनादिदेखि सृष्टिसम्म

बाइबलको इतिहास-दर्शन अनादिदेखि नै अस्तित्वमा रहनु हुने त्रिएक परमेश्वरबाट सुरु हुन्छ—पिता, पुत्र र पवित्र आत्मा। सृष्टि हुनु अघि परमेश्वरबाहेक अरू केही पनि थिएन।

अनादिदेखि नै परमेश्वरले आफू सर्वोच्च राजा भएर शासन गर्ने एउटा राज्य बनाउने योजना गर्नुभयो (१ तिमोथी १:१७)। राज्यका प्रजा विना राज्य हुँदैन, र त्यतिबेला उहाँलाई सेवा गर्ने अरू कुनै सृष्टि थिएन; त्यसैले परमेश्वरले आफूसँग सम्बन्ध राख्ने प्रजाहरू सृष्टि गर्नुभयो।

यी सृष्टि गरिएका प्रजाहरू दुई प्रकारका थिए। पहिलो, परमेश्वरले स्वर्गदूतहरूको सृष्टि गर्नुभयो। स्वर्गदूतहरू शरीर नभएका आत्मिक प्राणीहरू हुन् (हिब्रू १:१३-१४; मत्ती २२:३०), तर उनीहरूमा बुद्धि (२ शमूएल १४:२०) र कुरा गर्ने क्षमता (उत्पत्ति १९:१-२) थियो। उनीहरू अरू प्राणीहरूभन्दा बढी शक्तिशाली थिए (२ पत्रुस २:११)। स्वर्गमा बस्न बनाइए पनि, पृथ्वी सृष्टि भएपछि उनीहरू पृथ्वीमा पनि आउन सक्थे (मत्ती २४:३६; उत्पत्ति १९:१)। केही स्वर्गदूतहरूलाई बुद्धि, शक्ति र अधिकारमा अरूभन्दा उच्च बनाइएको थियो (एफिसी १:२१; कलस्सी १:१६; दानिएल १०:१३)।

बाइबलले परमेश्वरले कति स्वर्गदूत बनाउनुभयो भन्ने ठ्याक्कै बताउँदैन, तर सयौं लाख र त्यसमा पनि हजारौं हजार थप स्वर्गदूतहरूको उल्लेख गर्दछ (दानिएल ७:१०; प्रकाश ५:११; हिब्रू १२:२२)।

परमेश्वरको राज्यका लागि सृष्टि गरिएका व्यक्तिगत प्रजाहरूको दोस्रो ठूलो वर्ग मानवजाति हो। परमेश्वरले पृथ्वीलाई आफ्नो अधीनमा पर्ने क्षेत्रका रूपमा सृष्टि गर्नु-भयो; त्यसैले पृथ्वीमा पनि यस्तो एउटा प्रजा चाहिन्थ्यो, जसले पृथ्वीमा रहेको सबै कुरामाथि परमेश्वरको शासन चलाउन मद्दत गरोस्। जस्तै, कुनै राजाले आफ्नो राज्यलाई विभिन्न प्रदेशमा विभाजन गर्छ, प्रत्येक प्रदेशमा एक–एक प्रजालाई राज्यपालको रूपमा नियुक्त गर्छ, र तिनीहरूलाई राजाका तर्फबाट आफ्नो–आफ्नो प्रदेश राम्रोसँग हाँक्न जिम्मेवारी दिन्छ; त्यसैगरी, परमेश्वरले मनुष्यलाई सृष्टि गर्नुभयो, उनलाई पृथ्वीको 'राज्यपाल' बनाएर पृथ्वीमाथि शासन गर्ने जिम्मेवारी दिनुभयो, र पृथ्वीलाई परमेश्वरका तर्फबाट राम्रोसँग चलाउन उनलाई उत्तरदायी बनाइदिनुभयो (उत्पत्ति १:२६-२८; भजनसङ्ग्रह ८:३-९)। अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले पृथ्वीको शासनव्यवस्थालाई थियोक्रेसी (ईश्वर–शासित राज्य) बनाउने योजना गर्नुभएको थियो। The Oxford English Dictionary अनुसार थियोक्रेसीको अर्थ यस्तो छ:

> "एक प्रकारको शासन व्यवस्था जसमा परमेश्वरलाई राजा वा प्रत्यक्ष शासकका रूपमा मानिन्छ, र राज्यका कानूनहरू परमेश्वरद्वारा स्थापित मानिन्छन्। प्रायः यी कानूनहरू परमेश्वरका प्रतिनिधि वा उनका सेवक-हरूद्वारा प्रशासन गरिन्छ।"

मानिसले पृथ्वीमा परमेश्वरका तर्फबाट शासन गर्न विशेष रूपले तयार हुनुपर्थ्यो। त्यसका लागि पहिलो कुरा—मानिसले आफू रहने पृथ्वी र भौतिक संसारलाई बुझ्न सक्नुपर्थ्यो। त्यसैले परमेश्वरले मानिसको शरीर पृथ्वीको धुलोबाट बनाइदिनुभयो (उत्पत्ति २:७)।

दोस्रो कुरा—मानिसले परमेश्वरका निर्देशन बुझ्न र ग्रहण गर्न सक्नुपर्थ्यो। त्यसैले परमेश्वरले मानिसलाई आफ्नो स्वरूपमा सृष्टि गर्नुभयो (उत्पत्ति १:२६-२८)। यसका कारण मानिस व्यक्तिगत रूपमा सोच्न सक्ने, बुझ्न सक्ने, र कुरा गर्न सक्ने प्राणी बन्यो।

मानिसको सृष्टिसँगै परमेश्वरको राज्य स्थापना गर्ने काम पूरा भयो। परमेश्वरको सार्वभौम राज्य अब वास्तविकता बन्यो, र परमेश्वरको पूर्ण मूल्याङ्कन अनुसार सबै कुरा "अति असल" थियो (उत्पत्ति १:३१)।

✦

*यस अध्यायको थप अंश अर्को अंकमा प्रतीक्षा गर्नुहोस्*

## ख्रीष्टियन र पुस्तकहरू

मानिसलाई केवल ज्ञान दिने तर प्रेरणा नदिन सक्ने पुस्तकहरू वैज्ञानिक, वकिल वा डाक्टरका लागि त अत्यन्त आवश्यक हुन सक्छन्, तर वचनका सेवकका लागि केवल ज्ञानमूलक कुरा पर्याप्त हुँदैन। यदि ज्ञान हुँदैमा नै कोही शिक्षित हुने हो भने, एक फलदायी सेवक बन्न ऊसित एउटा इन्साइक्लोपिडियाको ठेली भए पुग्थ्यो। तर सफल ख्रीष्टिय सेवकले परमेश्वरलाई, आफूलाई र आफ्ना मानिसहरूलाई चिन्नुपर्छ। यस्तो ज्ञान तथ्याङ्कहरू जम्मा गरेर प्राप्त हुँदैन; यो सहानुभूतिपूर्ण सम्पर्क, अन्तर्बोध, गहिरो मनन, मौनता, प्रेरणा, प्रार्थना र परमेश्वरसितको घनिष्ठ हिँडाइबाट आउने ज्ञान हो। यस कारण, 'पढ्नुहोस्' भन्दै म हौसला दिन चाहन्छु—मन भुलाउनका लागि होइन, मात्र ज्ञान बटुल्नका लागि पनि होइन, तर महान् विचार भएका मानिसहरूसँग सङ्गत गर्नका लागि। आत्मालाई घामको उज्यालोतिर डोऱ्याउने, माथितिर उचाल्ने, र पाठकलाई आफूतिर होइन परमेश्वरतिर फर्काउने पुस्तक नै सधैं उत्तम पुस्तक हो।

मलाई चम्चाले खुवाइरहने र निरन्तर आफूमै निर्भर बनाइदिने व्यक्तिलेभन्दा, मलाई आफूले आफैलाई कसरी सिकाउन सक्छु भनेर सिकाउने व्यक्तिले दीर्घकालीन सहायता गर्छ। शिक्षकको सबैभन्दा ठूलो सेवा भनेको अन्ततः आफूलाई अनावश्यक बनाउनु हो। जुन पुस्तक पढेपछि मेरो चिन्तन त्यसैलाई अडेसो नलागी अझ माथितिर उठ्न सक्छ, त्यो नै मेरो निम्ति सबैभन्दा असल पुस्तक हो।

— ए. डब्लू. टोजर